# कस्तो अर्थतन्त्र...

पर्यावरणीय संकट सिर्जना भएको हो । यही पर्यावरणीय संकटका कारण विश्वव्यापी तापक्रम वृद्धि तथा जलवायु परिवर्तन जस्तो जटिल समस्या सिर्जना भएको छ भने भावीपुस्ताले थप मूल्य चुकाउनुपर्नेछ । यदि हरित अर्थतन्त्रको अवधारणाअनुसार दिगो र वातावरणमैत्री विकास नीति अनुसरण गरी भौतिक विकास निर्माण र वातावरणबीच सन्तुलन कायम गरिएन भने भविष्यमा थप जटिल चुनौती सिर्जना हुने निश्चित छ । हरित अर्थतन्त्र भन्नाले दिगो र वातावरणमैत्री विकास अवधारणा हो । हरित अर्थतन्त्रले हरित आर्थिक वृद्धि तथा हरित रोजगारी प्रवर्द्धन गर्छ । यसैगरी प्राकृतिक साधन स्रोतको न्यायोचित प्रयोग, वातावरण तथा जैविक विविधताको संरक्षण, वातावरणमैत्री पूर्वाधार विकास, जलवायु परिवर्तन अनुकूलता, न्यून कार्बन उत्सर्जन तथा नवीकरणीय र स्वच्छ ऊर्जा हरित अर्थतन्त्र विकासका आधार हुन् । यस्तो विकास दिगो र वातावरणमैत्री हुन्छ र यही मोडल नै विकासको सर्वोत्तम मोडल हो ।

सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्न पनि हरित अर्थतन्त्रको विकल्प छैन । त्यसैले वातावरणीय सन्तुलनलाई मध्यनजर गरी जलवायु परिवर्तनको मुद्दाप्रति संवेदनशील हुनुपर्छ र आर्थिक विकास र भौतिक पूर्वाधार निर्माण गर्दा जलवायु परिवर्तन अनुकूलनलाई विशेष प्राथमिकता दिनुपर्छ । यही वास्तविकतालाई आत्मसात् गर्दै अब नेपालले जलवायु अनुकूलन वृद्धि (क्लाइमेट कम्प्याटिबल ग्रोथ) नीति अनुसरण गर्नु आवश्यक छ । सन् २०४५ मा नेपाललाई शून्य कार्बन उत्सर्जन राष्ट्र बनाउने प्रतिबद्धताअनुसार हरित तथा उत्पादनशील प्रकृतिको आर्थिक विकास, वन क्षेत्रको संरक्षण, कार्बन क्रेडिटबाट आर्थिक उपार्जन, जैविक विविधताको संरक्षण, स्वच्छ ऊर्जा प्रवर्द्धनजस्ता हरित नीति अनुसरण गर्नुपर्छ । ठूला भौतिक विकास तथा पूर्वाधार निर्माणसम्बन्धी परियोजना दिगो र वातावरणमैत्री नीति अनुसरण गरी राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा तय गर्नुपर्छ । त्यसैले सामाजिक, आर्थिक तथा वातावरणीय न्याय सुनिश्चित गरी दिगो र वातावरणमैत्री विकास नै अबको एकमात्र मार्गचित्र हो ।

**रोजगारी सिर्जनामूलक अर्थनीति र विकास**

समुन्नत नेपाल निर्माणका लागि आवश्यक दक्ष जनशक्ति र मानव स्रोत नै बेरोजगारीका कारण विदेश पलायन भइरहेको घडीमा स्वदेशमै रोजगारी सिर्जना गर्ने अर्थनीति र विकास मोडल सर्वोच्च प्राथमिकता हो । नेपालले यस्तो अर्थनीति र विकास मोडल अनुसरण गर्नु आवश्यक छ, जसले स्वदेशमै शिक्षा, योग्यता र सीपअनुसारको पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्नेछ । शयस्तो नीतिले एकातिर बेरोजगारी समस्या समाधान गर्नेछ भने अर्कोतिर समुन्नत नेपाल निर्माणका लागि आवश्यक दक्ष मानव स्रोत विदेश पलायन हुनबाट रोकिनेछ । नेपालको विकासका दृष्टिले सबैभन्दा ठूलो पुँजी मानव स्रोत नै हो । यसरी अपरिमित क्षमता भएको मानव स्रोत परिचालन गरेर समुन्नतिको मार्गलाई थप तीव्र गतिमा अगाडि बढाउन सकिन्छ । त्यसैले रोजगारी सिर्जनामूलक उद्योग र सेवा क्षेत्र स्थापना तथा विस्तारलाई सरकारले उच्च प्राथमिकता र सहुलियत दिनु आवश्यक छ ।

तर एक्काइसौं शताब्दी जस्तो चौथो औद्योगिक क्रान्तिको आधुनिक युगमा उद्यमशीलता र रोजगारीका दृष्टिले कृषि, पर्यटन, जलस्रोत, ऊर्जा, निर्माण व्यवसाय तथा परम्परागत उत्पादनमूलक उद्योगका साथै नयाँ क्षेत्र पनि पहिचान गर्नुपर्छ । उद्योग र उत्पादन क्षेत्रमा आधारित परम्परागत रोजगारीका साथै ज्ञान तथा प्रविधिमा आधारित अर्थतन्त्र, गिग अर्थतन्त्र, केयर अर्थतन्त्र जस्ता नयाँ क्षेत्र पहिचान गरी रोजगारीका थप अवसर सिर्जना गर्न सकिन्छ । यसैगरी डिजिटलाइजेसन, सूचना प्रविधि, डिजिटल व्यवसाय, डिजिटल बैंकिङ, डिजिटल व्यापार, आर्टिफिसियल इन्टेलिजेन्स पनि रोजगारीका नयाँ क्षेत्र हुन् । भूपरिवेष्टित नेपाल औद्योगिकीकरण भई 'म्यानुफ्याक्चरिङ हब' हुने सम्भावना कमजोर छ । तर प्रविधिमा आधारित सर्भिस सेक्टरको हब (सेवा क्षेत्रको केन्द्र) हुन सक्ने सम्भावना भने उच्च छ । विश्व बजारमा अहिले सबैभन्दा धेरै माग भएको प्रविधिमा आधारित तथा डिजिटल सेवा हो । विश्व अर्थतन्त्रमा प्रविधि उद्योग तथा सेवा क्षेत्रको योगदान बढ्दै गइरहेको छ ।

एप्पल, माइक्रोसफ्ट, गुगल, एमाजोन, एनभिडिया जस्ता ठूला कम्पनी सबै प्रविधिमा आधारित हुन् । यसरी डिजिटलाइज भइरहेको विश्वमा डिजिटल सेवा निर्यात गर्ने नीतिलाई विशेष प्राथमिकता दिनुपर्छ । सरकारले बेरोजगारलाई स्वरोजगार, स्वरोजगारलाई उद्यमशील र उद्यमशीललाई उद्योगपतिका रूपमा विकसित गर्ने नीति अंगीकार गर्नुपर्छ । समाजलाई उद्यमशील र जनतालाई सिर्जनशील तथा कर्मशील बनाउन उत्प्रेरित गर्नुपर्छ । जनतालाई नै सिर्जनशील, कर्मशील र उद्यमशील नबनाएसम्म विद्यमान समस्या समाधान हुने सम्भावना छैन । तर नेपालमा औद्योगिकीकरण र उद्यमशीलताका लागि अनुकूल वातावरण छैन । अदक्ष श्रमिकलाई अर्धदक्ष, अर्धदक्ष श्रमिकलाई दक्ष र दक्ष श्रमिकलाई उद्यमशील बनाउन सरकारले उत्प्रेरकको भूमिका निर्वाह गर्नुपर्छ ।

**निष्कर्ष**

सन् १९७८ देखि कम्युनिस्ट चीनले उदार अर्थनीति अनुसरण गरेको कारणले तीव्र गतिमा आर्थिक विकास गर्न सफल भयो । फलस्वरूप अहिले विश्वकै आर्थिक महाशक्ति राष्ट्र भएको छ । बेलायती उपनिवेशबाट स्वतन्त्र भएदेखि नै भारतले समाजवादी अर्थनीति अनुसरण गर्दै आएको थियो । तर अपेक्षाकृत आर्थिक विकास गर्न सकेन । सन् १९९१ देखि भारतले पनि उदार अर्थनीति अनुसरण गरेपछि विकासका दृष्टिले फड्को मार्न सफल भयो । अर्कातिर सोभियत संघको विघटनबाट कम्युनिस्ट सिद्धान्त असफल भएको पुष्टि भइसकेको छ । जुन देशले उदार अर्थनीति अनुसरण गरे, ती देश विकसित भए । तर कम्युनिस्ट, समाजवादी र राज्य नियन्त्रित अर्थनीति अनुसरण गरेका देशहरू एकपछि अर्को असफल र धराशायी भए ।

उक्त वास्तविकताबाट शिक्षा लिएर कांग्रेसले लोकतान्त्रिक समाजवादी र एमाले, माओवादीलगायतका कम्युनिस्ट पार्टीले समाजवादी नीति पुनरावलोकन गरी नेपालका लागि उपयुक्त प्रगतिशील उदार अर्थनीति अनुसरण गर्नु स्वयं उनीहरूकै हितमा छ । वास्तवमा यो दोस्रो चरणको आर्थिक सुधार गर्ने उपयुक्त समय हो । के कांग्रेस-एमालेको बलियो सरकारले दोस्रो चरणको सुधारको पहल गर्ला ? पहिलो चरणको सुधारको नेतृत्व गरेको कारणले दोस्रो चरणको सुधारको नेतृत्व गर्ने राजनीतिक विरासत, नैतिक हैसियत पनि कांग्रेससँग नै छ । के गगन थापाले दाबी गरेजस्तै दोस्रो चरणको सुधारको नेतृत्व गर्ने दिशातर्फ कांग्रेस उन्मुख होला ? इकान्तिपुर

# प्रधानमन्त्री ओली बेइजिङमा



***बेइजिङ (चीन), १७ मंसिर ।***

प्रधानमन्त्री केपी शर्मा ओली चार दिवसीय चीन भ्रमणका क्रममा आज बेइजिङ आइपुगेका छन्। उनलाई यहाँस्थित बेइजिङ क्यापिटल अन्तर्राष्ट्रिय विमानस्थलमा चिनियाँ कम्युनिष्ट पार्टीका वैदेशिक मामिलाका उपमन्त्री सुन बेइदोङले स्वागत गरे।

चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा उनी आज बेइजिङ आइपुगेका हुन्। भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता गर्नुहुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

यसैगरी प्रधानमन्त्री ओलीले आफ्ना चिनियाँ समकक्षी लीसँग भेटवार्ता गरी द्विपक्षीय हितका विविध विषयमा विचार आदानप्रदान गर्नुछन्। प्रधानमन्त्री ओलीसँग चीनको राष्ट्रिय जनकांग्रेसका स्थायी समितिका अध्यक्ष झाओ लेजीको समेत भेट हुने तालिका छ ।

भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयमा सम्बोधन गर्नुछन् । त्यस्तै उनले बेइजिङस्थित नेपाली राजदूतावास, चाइना काउन्सिल फर द प्रमोशन अफ इन्टरनेसनल ट्रेड र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुने नेपाल-चीन व्यापार मञ्चलाई सम्बोधन गर्ने कार्यक्रम छ।

प्रधानमन्त्री ओलीका साथमा धर्मपत्नी राधिका शाक्य रहेकी छन्।

त्यस्तै प्रधानमन्त्री ओली नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, संसद्हरू, विशिष्ट श्रेणीका सरकारी अधिकारीहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, सञ्चारकर्मीहरूलगायत छन् । प्रधानमन्त्री ओली नेतृत्वको प्रतिनिधिमण्डल यही मङ्सिर २० गते स्वदेश फर्कने तालिका छ। डिसी नेपाल

**विवाह पवित्र बन्धन हो,**
**विवाहलाई लेन देनको विषय नबनाऔं,**
**विवाहमा दाईजो लिने र दिने काम नगरौं,**
**दाईजोका कारण हुने हिंसा अन्तय गरौं ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**
**विज्ञान बोर्ड**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

छिपहरमाई गाउँपालिका
छिपहरमाई गाँउ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
मधेश प्रदेश,नेपाल

**करारमा सेवा लिने सम्बन्धि सूचना**

(पहिलो पटक सुचना प्रकाशित मिति : २०८१।०८।१८)

छिपहरमाई गाउँपालिका गाउँ गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत तपसिल बमोजिमका करार सेवामा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले दस्तुर तिरेको रसिद तथा तोकिएको कागजात सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम र अन्य जानकारी कार्यपालिकाको कार्यालय भिस्वाबाट उपलब्ध हुनेछ ।

तपसिल

| क.स. | विज्ञापन नं. | पद | तह | संख्या | आवेदन दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२।०८१।८२ | सहायक कम्प्यूटर अपरेटर | चौथो | १(एक) | ७००।०० | |

१. उम्मेदवारको न्युनतम योग्यता
(क) नेपाली नागरिक ।
(ख) न्यूनतम शैक्षिक योग्यता : प्रविणता प्रमाणपत्र तह वा सो सरह र कम्तिमा ६ महिनाको कम्प्यूटर कोर्ष गरेको हुनुपर्ने ।
(ग) उमेर हद १८ वर्ष पुरा भई ३५ वर्ष ननघेको (महिलाको हकमा ४० बर्ष) ।
(घ) सेवा सुविधा : नियमानुसार ।
२. दरखास्तमा संलग्न गर्नु पर्ने : सम्बन्धित वि.नं. मा उल्लेख भएको व्यहोरा प्रमाणित हुने कागजातहर र परिक्षा दस्तुर दाखिला यस कार्यालयको एन.आई.सी. एसिया बैंक. भिस्वा शाखा, पर्सामा रहेको आन्तरिक राजश्व खाता नं. **L6CA000187452406** मा जम्मा गरेको वा गाउँपालिका राजश्व शाखामा दाखिला गरेको भौचर संलग्न हुनु पर्नेछ ।
३. छनौट प्रक्रिया : लिखित परिक्षा, प्रयोगात्मक परिक्षा तथा अन्तरवार्ता ।
४. दरखास्त पेश गर्ने स्थान : छिपहरमाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, भिस्वा, पर्सा ।
५. दरखास्त पेश गर्ने अन्तिम मिति : यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र । सो दिन सार्वजनिक विदा परेमा भोलि पल्ट कार्यालय समय भित्र ।
६. सम्पर्क मिति : आवेदन दिने अन्तिम दिनको भोलि पल्ट अपरान्ह २:०० बजे देखि ५ बजे सम्म ।

प्रमुख प्रशासकिय अधिकृत